बरेङ गाउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुग्दीशिर, बागलुङ

रमेश थापा
प्रमुख प्रशासकीय अधिकृत

## सार्वजनिक शिक्षाको गुणस्तर सुधार तथा शिक्षा सम्बन्धि कानून निर्माण सुझाव संकलन कार्यशालाबाट पारित सार्वजनिक शिक्षा सुधार सम्बन्धि बरेङ घोषणा पत्र २०७६

बरेङ गाउपालिकाको आयोजनामा गाउँपालिका अध्यक्ष श्री कृष्णप्रसाद शर्माको अध्यक्षता, शिक्षाका लागि राष्ट्रिय अभियान नेपालको सहकार्य र ओपन सोसाइटी फाउण्डेशनको सहयोगमा मिति २०७६।०९।०७ गते जिल्ला समन्वय समिति बागलुङका प्रमुख श्री राजेन्द्र ढुंगानाको प्रमुख अतिथ्यता, शिक्षाविद प्रा.डा. श्री मनप्रसाद वाग्ले, नेपाल सरकारका पूर्व सचिव डा. श्री महाश्रम शर्मा, NCE Nepal का अध्यक्ष श्री डिल्लीराम सुवेदी , इकाइ प्रमुख श्री रमाकान्त शर्मा तनहुँ, बरेङ गाँउकार्यपालिका, शिक्षकका पेशागत संगठनका प्रतिनिधीहरु, प्रधानाध्यापकहरु, विव्यस र शिअसंका अध्यक्षहरु शिक्षक, पत्रकारहरु र विद्यार्थी समेतको उपस्थितीमा बरेङ गाउँपालिकामा आयोजित सार्वजनिक शिक्षाको गुणस्तर सुधार तथा स्थानिय तहमा शिक्षा कानून निर्माण सुझाव संकलन कार्यशालाबाट पारित सार्वजनिक शिक्षा सुधार सम्बन्धि घोषणा पत्र २०७६

१. राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार बालविकास देखि कक्षा ८ सम्म अनिवार्य र निशुल्क तथा माध्यमिक तह निशुल्क गर्ने प्रावधान अनुसार आफ्नो विद्यालय सेवा क्षेत्रका विद्यालय उमेरका सबै वालवालिका हरुको बास्तविक तथ्यांक तयार गर्ने र विद्यालय भर्ना नभएका सबै बालबालिकालाई बरेङ गाउँपालिकाको समन्वय र सहकार्यमा बिद्यालयको पहुँच सुनिश्चत गर्ने ।

२. शिक्षण समय कार्यान्वयन कार्यविधि २०७४ अनुसार बिद्यालय तथा कक्षाकोठामा हुने शिक्षण र समयलाइ मापन तथा बिश्लेषण गरि यसको अधिकतम उपयोगका लागि शिक्षण सिकाई समय कार्डको प्रयोग मार्फत बिद्यार्थी नियमितता र सिकाई उपलब्धि अभिबृद्दि गर्ने, शिक्षक र बिद्यार्थीको मासिक हाँजिरी परिक्षण गर्ने ।

३. गरेर सिक्ने (learning by doing) को मर्मलाई ख्याल गर्दै बालबालिकाहरुलाई उनीहरुको रुचि, चाहना, क्षमता र स्तर अनुसारका उद्देश्यमुलक तथा ज्ञान निर्माण गर्ने खालका क्रियाकलाप गराई संरचानावादी (constructivism) सिद्धान्तमा आधारित बालकेन्द्रित शिक्षण सिकाइ अवलम्बन गर्ने

४. बालबालिकाको भर्ना, निरन्तरता र घरमा पढने बातावरण सुनिश्चित गर्न अभिभावकलाइ जिम्बेवार बनाइ विद्यालय सुधार कार्यमा रांलग्न गराउन बिभिन्न क्रियाकलापहरु जस्तैः कम्तिमा २ महिनामा १ पटक कक्षागत अभिभावक भेला, अन्तरक्रिया र बिद्यालय स्वमुल्यांकन कार्यक्रमहरु संचालन गर्ने ।

५. शिक्षकहरुको मासिक वैठक बसी बालबालिकाको नियमितता र सिकाई जस्ता विषयमा छलफल गर्ने ।

६. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी_निर्देशिका २०६९ समेतलाई मध्यनजर गर्दै कक्षा शिक्षणमा कम्प्युटर, मल्टिमिडिया प्रोजेक्टर, ईण्टरनेट लगायतका माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, पुस्तकालयं र बिज्ञान प्रयोगशालाको व्यबस्था र प्रयोग गर्ने । शिक्षकहरुले आफुलाई सूचना प्रविधिमा अध्यावधिक र सीपयुक्त गराउने ।

७. बिद्यालय हाता भित्र उच्च नैतिक आचरण कायम गर्दै मादक पदार्थ सेवन, मद्यपान तथा धूम्रपान लगायत सूर्तीजन्य पदार्थ सेवन नगर्ने, कुनै पनि प्रकारको अनैतिक क्रियाकलापमा संलग्न नहुने लगायतका आचारसंहिता निर्माण गरि सबैले देख्ने गरि टाँस र कार्यान्वयन गर्ने साथै शिक्षकले आफूलाई समुदायमा अनुकरणीय व्यक्ति (role model) का रुपमा प्रस्तुत गर्ने ।

८. बिद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री गराइ बालबालिकालाई शारीरिक तथा मानसिक दण्ड सजाय, दूर्व्यबहार र भेदभाव नभएको सुनिश्चित गरि विद्यालयलाइ हिंसा रहित बनाउने ।

९. सिकाईमा पछाडी परेका वालवालिकाहरुलाइ सिकाइ सुधारका लागि सुधारात्मक कक्षा संचालन गर्ने । यस कार्यको लागि गाउँपालिकाले समेत सहयोग उपलव्ध गराउने ।

बालबालिकाहरुलाई दिनभर भोकभोकै पढ्नु पर्ने बाध्यात्मक अवस्थाबाट मुक्त गर्ने ध्येयका साथ अभिभावक भेला, सचेतना जस्ता कार्यक्रमबाट प्रचार प्रसार तथा पैरवी गर्दै अभिभावकहरुको सक्रियता, सहभागिता, लगानी र गाउँपालिका र वार्ड कार्यालय संगको सहकार्यमा विद्यार्थी घरबाट विद्यालय आउँदा खाजा लिई पठाउने व्यवस्था मिलाउन अभिभावकहरुलाई अनुरोध गरी दिवा खाजाको सुनिश्चित गर्ने साथै सबै बिधालयहरुमा फ्याक्ट्री उत्पादित खाजाहरु) जंक फुड (निषेध गर्ने ।

१०. हरेक शिक्षकले पाठ्यक्रममा भएका सिकाई उपलब्धि पूरा गर्न पाठयोजना सहितको शिक्षक डायरी प्रयोग, अद्यावधिक र कार्यान्वयनको सुनिश्चित गर्ने र सो को अनुगमन समेत गर्ने ।

११. विद्यालयको भौतिक वाताबरणलाई ताजा, मनमोहक बनाई विद्यालय प्रति सकारात्मक भावना विकास गर्ने हेतुले शिक्षक तथा विद्यार्थी परिचालन गरी हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ बमोजिम विद्यालय हातामा वृक्षारोपण गर्ने तथा विद्यालयमा फूलबारी र करेसाबारी व्यवस्थित गर्ने ।

१२. विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय गरी स्थानीय स्तरमा सञ्जाल निर्माण गर्ने साथै उक्त सञ्जालको सहकार्यमा आवश्यक कार्य योजना निर्माण गरी स्थानीय स्रोत साधनको नक्शांकन, संकलन र समुचित परिचालन गर्ने ।

१३. प्रधानाध्यापकहरुको बैठक कम्तिमा १ महिनामा १ पटक गाँउपालिका स्तरमा प्रगति समिक्षा गरी सुधारका लागि संचालन गर्ने ।

१४. सम्बन्धित वडा अध्यक्षहरुको पहलमा कम्तिमा १ महिनामा १ पटक शैक्षिक सुधारका लागि सरोकारवालाहरु विच शैक्षिक अन्तर्किया कार्यक्रम संचालन गर्ने ।

१५. सामाजिक बिकास समिति समेतको जनप्रतिनिधी हरुको सहभागितामा बिद्यालयको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषणका कार्यहरु गर्ने ।

१६. गाँउपालिकाबाट शिक्षकको पेशागत विकासमा सहयोग, बिद्यार्थी प्रतिभा पहिचानका कार्यक्रम संचालन गर्ने ।

१७. कानून निर्माण गरि बिद्यार्थी संख्या र संचालित कक्षाको आधारमा बिद्यालय सार्ने, गाभ्ने, तह घटाउने, शिक्षक व्यबस्थापन र दरवन्दी मिलानका कार्य गर्ने, यस पछि दरवन्दी नभएका र कम भएका बिद्यालयहरुका लागि गाउँपालिकाले आवश्यक व्यबस्था गर्दै जाने ।

१८. शैक्षिक वर्ष २०७६ को अन्त सम्ममा बरेङ गाँउपालिका शिक्षा ऐन जारी गरि आधारभुत तथा माध्यमिक तह सम्मको विद्यालय शिक्षालाइ गुणस्तरिय र व्यबस्थित बनाउदै लैजाने ।

**मितिः २०७६ साल पौष ७ गते**
**बरेङ गाँउपालिका, हुग्दिशिर**
**बागलुङ**

रमेश थापा
प्रमुख प्रशासकीय अधिकृत